# आर्थिक गतिविधि अध्ययन

(एकीकृत)

## अर्ध-वार्षिक प्रतिवेदन
## (आ.व.२०७६/७७)


**नेपाल राष्ट्र बैंक**

**आर्थिक अनुसन्धान विभाग**

# भूमिका

नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा १२ वमोजिम बैंकले मूल्य स्थिरता,शोधनान्तर स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको अवस्था, मुद्रा प्रदाय तथा विदेशी विनिमयजस्ता विषयमा अध्ययन गर्ने, तथ्याङ्क संकलन/प्रशोधन/विश्लेषण गर्ने र नीति निर्माण गर्ने काम गर्दछ ।सोही ऐनको दफा १० को उपदफा ३ बमोजिम नेपाल सरकार, सार्वजनिक निकाय तथा निजी क्षेत्रले बैंकलाई आर्थिक तथा वित्तीय विषयमा आवश्यक सूचना उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्था रहेको छ । वास्तविक क्षेत्रसँग सम्बन्धित तथ्याङ्कको नियमित संकलन तथा विश्लेषण मार्फत मौद्रिक एवम् वित्तीय नीतिको तर्जुमा र कार्यान्वयन गर्नु पर्ने भएका कारण नेपाल राष्ट्र बैंकले नियमित रुपमा आर्थिक गतिविधि अध्ययन गर्दै आएको छ ।

आर्थिक गतिविधिको विश्लेषणतथा प्रक्षेपण गर्ने मूल आधार समयमै प्राप्त हुने विश्वसनीय तथ्याङ्क तथासूचना नै हो । आर्थिक तथा वित्तीय क्षेत्रसँग सम्बन्धित तथ्याङ्क तथा सूचनाको विश्लेषणबाट मुलुकको आर्थिक विकासको अवस्थाको जानकारी भई थप आवश्यक नीति तथा कार्यक्रम तर्जुमा एवम् कार्यान्वयन गर्न सहयोग पुग्दछ । साथै, तथ्याङ्क तथा सूचनाले अर्थतन्त्रका विविध क्षेत्रमा हुने परिवर्तनलाई समयमै पहिचान गरी उपयुक्त सुझाव मार्फत सरकारका नीति तथा कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्नमा नेपाल राष्ट्र बैंकले सहयोग पुर्‍याउँदछ ।

देशमा संघीयता कार्यान्वयन भएपश्चात् प्रशासनिक विभाजनको स्वरुपसमेत परिवर्तन भएको छ । संघीय संरचना अनुसार तीन तहको सरकार रहने संवैधानिक व्यवस्था बमोजिम प्रादेशिक संरचना अनुसार आर्थिक गतिविधि अध्ययन गरिएको छ ।यसभन्दा पहिले देशका ५७ जिल्लाको आर्थिक गतिविधि अध्ययन गरी प्रतिवेदन प्रकाशित गर्ने गरिएकोमा आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ मा आर्थिक वर्ष २०७६/७७ देखि देशका ७७ वटै जिल्ला समेटी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशन गर्नुपर्ने व्यवस्था अनुसारनेपाल राष्ट्र बैंकका प्रादेशिक कार्यालयबाट प्राप्त प्रतिवेदन तथा तथ्याङ्कका आधारमा देशका सम्पूर्ण जिल्ला समेटी यो एकीकृत प्रतिवेदन तयार पारिएको छ ।

यो प्रतिवेदन तयार पार्न सूचना तथा तथ्याङ्क उपलब्ध गराउनु हुने सरकारी तथा निजी क्षेत्रका कार्यालय एवम् संस्थाहरु तथा तथ्याङ्क संकलनमा समन्वय गर्न सहयोग पुर्‍याउनु हुने यस बैंकका प्रादेशिक कार्यालयप्रति आभार प्रकट गर्दछु । असहज परिस्थितिमा पनि यो प्रतिवेदन तयार पार्न संयोजन गर्नु हुने का.मु. निर्देशक श्री विज्ञानराज सुवेदीलाई विशेष धन्यवाद दिन चाहन्छु । यसैगरी यो प्रतिवेदन तयार पार्न संलग्न हुनु हुने आर्थिक विकास शाखाका उप-निर्देशकहरु श्री अवन्तिका रिमाल, श्री बिन्ती श्रेष्ठ र श्री जनकराज सापकोटा, प्रधान सहायकद्वय श्री उदयराज पौडेल र श्री विवेक देवकोटा तथा सहायक श्री रोहन ब्यञ्जनकारलाई धन्यबाद दिन चाहन्छु ।

डा. गुणाकर भट्ट
कार्यकारी निर्देशक

# विषय-सूची


| | | | पेज नं. |
|---|---|---|---|
| **सारांश** | | | |
| **परिच्छेद १** | **: कृषि, उद्योग र सेवा क्षेत्रको अन्तर्राष्ट्रिय स्थिति** | | १-१ |
| | १.१ | भारत | १ |
| | १.२ | चीन | १ |
| | १.३ | विश्व दृष्य | १ |
| **परिच्छेद २** | **: कृषि क्षेत्र** | | २-७ |
| | २.१ | कृषि उपजले ढाकेको भू-क्षेत्र | २ |
| | २.२ | कृषि उत्पादन | ३ |
| | २.३ | पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन | ४ |
| | २.४ | सिँचाइ तथा मौसम | ५ |
| | २.५ | क्षेत्रगत कृषि कर्जा | ६ |
| | २.६ | सहुलियतपूर्ण कृषि कर्जा | ६ |
| | २.७ | कृषि क्षेत्रका चुनौती र सम्भावना | ६ |
| **परिच्छेद ३** | **: उद्योग क्षेत्र** | | ८-१० |
| | ३.१ | उद्योगको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी | ८ |
| | ३.२ | क्षेत्रगत औद्योगिक कर्जा | ८ |
| | ३.३ | औद्योगिक क्षेत्रका चुनौती र सम्भावना | ९ |
| **परिच्छेद ४** | **: सेवा क्षेत्र** | | ११-१४ |
| | ४.१ | पर्यटन | ११ |
| | ४.२ | सार्वजनिक निर्माण तथा रियलस्टेट | ११ |
| | ४.३ | वित्तीय सेवा | ११ |
| | ४.४ | यातायात | १२ |
| | ४.५ | सेवा क्षेत्र कर्जा | १२ |
| | ४.६ | सहुलियतपूर्ण कर्जा | १३ |
| | ४.७ | विपन्न वर्ग कर्जा | १३ |
| | ४.८ | पुनरकर्जा | १३ |
| | ४.९ | सेवा क्षेत्रको चुनौती र सम्भावना | १३ |
| **परिच्छेद ५** | **: पूर्वाधार क्षेत्र** | | १५-१६ |
| | ५.१ | पूर्वाधार स्थिति | १५ |
| | ५.२ | पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना | १५ |
| **परिच्छेद ६** | **: वाहय क्षेत्र र रोजगारी** | | १७-१८ |
| | ६.१ | वैदेशिक व्यापार | १७ |
| | ६.२ | वैदेशिक रोजगारी | १७ |
| | ६.३ | बाह्य क्षेत्रका चुनौती र सम्भावना | १७ |
| **परिच्छेद ७** | **: संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना** | | १९-१९ |
| | ७.१ | कार्यक्रम तथा परियोजनाको कार्यान्वयन | १९ |
| | ७.२ | अन्य कार्यक्रमको कार्यान्वयन | १९ |
| **परिच्छेद ८** | **: आर्थिक परिदृष्य** | | २०-२० |
| | ८.१ | मूल्य स्थिति | २० |
| | ८.२ | कृषि उत्पादन | २० |
| | ८.३ | औद्योगिक उत्पादन | २० |
| | ८.४ | सेवा क्षेत्र | २० |
| | ८.५ | पूर्वाधार क्षेत्र | २० |
| | ८.६ | बाह्य क्षेत्र | २० |

# सारांश

## कृषि

१. समीक्षा अवधिमा खाद्य तथा अन्य बालीले ढाकेको भू-क्षेत्र २.० प्रतिशतले बढेको छ भने यस्ता बालीको उत्पादन १.७ प्रतिशतले घटेको छ ।

२. प्रमुख खाद्यान्न बालीमध्ये गहुँ उत्पादन २.७ प्रतिशत, जौ उत्पादन १.६ प्रतिशत, कोदो उत्पादन ४.२ प्रतिशतले बढेको छ भने धान उत्पादन ६.८ प्रतिशतले घटेको छ । त्यसैगरी, समीक्षा अवधिमा तरकारी उत्पादन ७.२ प्रतिशतले बढेको छ ।

३. पशुजन्य उत्पादन अन्तर्गत दुध उत्पादन १.२ प्रतिशत, मासु उत्पादन ६.२ प्रतिशत र अण्डा उत्पादन ८.२ प्रतिशतले वृद्धि भएको छ । वनजन्य उत्पादन अन्तर्गत काठ उत्पादन १०.९ प्रतिशतले घटेको छ ।

## उद्योग

४. समीक्षा अवधिमा नमुना छनौटमा परेका प्रमुख उद्योगको क्षमता उपयोग ४०.० प्रतिशत रहेको छ ।

५. २०७६ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कुल कर्जामा औद्योगिक क्षेत्रमा प्रवाह भएको कर्जाको अंश ३३.९ प्रतिशत रहेको छ ।

## सेवा

६. समीक्षा अवधिमापर्यटक आगमन ४.५ प्रतिशतले घटेर ६ लाख २३ हजार ५ सय ३३ मा सीमित भएको छ । पर्यटकस्तरीय होटल तथा लजको संख्या १८.४ प्रतिशत रशैया संख्या १७.७ प्रतिशतले बढेको छ ।

७. घरजग्गा रजिष्ट्रेशन संख्या १.५ प्रतिशतले घटेतापनि रजिष्ट्रेशन बापतको राजस्व २३.२ प्रतिशतले बढेको छ ।

८. अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाको निक्षेप २०७६ असार मसान्तको तुलनामा ९.५ प्रतिशतले र कर्जा प्रवाह १२.३ प्रतिशतले वृद्धि भएको छ ।औसत कर्जा-निक्षेप अनुपात ८८.६ प्रतिशत रहेकोछ ।

९. अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाको कुल निक्षेपमा बागमती प्रदेशको अंश ७०.३ प्रतिशत छ भने कुल कर्जामा यस प्रदेशको अंश ५६.१ प्रतिशत छ ।

१०. समीक्षा अवधिमायातायातका साधनको संख्या १२.९ प्रतिशतले वृद्धि भएको छ ।

## पूर्वाधार

११. मुलुकभर रणनीतिक र स्थानीय सडक सञ्जाल गरी कालोपत्रे १५ हजार २ सय ५४ किलोमिटर, खण्डस्मित ९ हजार २ सय ५१ किलोमिटर र कच्ची सडक ९ हजार ८ सय ४२ किलोमिटर गरी कुल सडकको लम्बाई ३४ हजार ३ सय ४७ किलोमिटर पुगेको छ ।

१२. स्थानीयस्तरबाट ६१ हजार ३ सय ९५ कि.मी. सडक निर्माण भएको छ । यसमध्ये सबैभन्दा बढी बागमती प्रदेशमा र सबैभन्दा कम कर्णाली प्रदेशमा सडक निर्माण भएको छ ।

१३. नेपालमा उडान भर्ने अन्तर्राष्ट्रिय वायुसेवाको संख्या ३० पुगेको छ । सबै मौसममा सञ्चालनमा रहने विमानस्थलको संख्या ३५ पुगेको छ ।

## परिच्छेद १
# कृषि, उद्योग र सेवा क्षेत्रको अन्तर्राष्ट्रिय स्थिति

### १.१ भारत

आर्थिक वर्ष २०१९/२० मा भारतको कुल गार्हस्थ्य उत्पादन ५.० प्रतिशतले बढेको छ । भारतको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः १६.५ प्रतिशत, २८.२ प्रतिशत र ५५.३ प्रतिशत रहेको छ भने कृषि, उद्योग र सेवा क्षेत्रको वृद्धिदर क्रमश : २.८ प्रतिशत, २.५ प्रतिशत र ६.९ प्रतिशत रहेको छ ।

**तालिका १ : भारत तथा चीनको क्षेत्रगत वृद्धिदर तथा हिस्सा (प्रतिशतमा)**

| क्षेत्र | भारत | | चीन | |
|---|---|---|---|---|
| | हिस्सा | वृद्धिदर | हिस्सा | वृद्धिदर |
| कृषि | १६.५ | २.८ | ७.१ | ३.५ |
| उद्योग | २८.२ | २.५ | ३९.० | ५.८ |
| सेवा | ५५.३ | ६.९ | ५३.९ | ९.१ |
| कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर | ५.० | | ६.१ | |

*स्रोत : आर्थिक सर्वेक्षण, भारत २०१९/२०*
*नेशनल व्यूरो अफ स्ट्याटिस्टिक्स, चीन २०२०*

### १.२ चीन

सन् २०१९ मा चीनको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर ६.१ प्रतिशत रहेको छ । चीनको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ७.१ प्रतिशत, ३९.० प्रतिशत र ५३.९ प्रतिशत रहेको छ भने कृषि, उद्योग र सेवा क्षेत्रको वृद्धिदर क्रमश : ३.५ प्रतिशत, ५.८ प्रतिशतर ९.१ प्रतिशत रहेको छ ।

### १.३ विश्व दृष्य

विश्व बैंकको २०१९ को तथ्याङ्क अनुसार विश्वको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ४ प्रतिशत, उद्योग क्षेत्रको योगदान २८ प्रतिशत, उत्पादनमुलक उद्योगको योगदान १७ प्रतिशत तथा सेवा क्षेत्रको योगदान ६१.३ प्रतिशत रहेको छ । विश्वको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर २.८ प्रतिशत रहेको छ ।

# परिच्छेद २
# कृषि क्षेत्र

## २.१ कृषि उपजले ढाकेको भू-क्षेत्र


आर्थिक वर्ष २०७६/७७ को पहिलो ६ महिनामा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला) ले ढाकेको कुल क्षेत्रफल २.२ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमायस्तो क्षेत्रफल ३.७ प्रतिशतले बढेको थियो।

**२.१.१ खाद्य तथा अन्य बाली :**खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल २.० प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमायस्तो क्षेत्रफल ३.४ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा गहुँको क्षेत्रफल १२.४ प्रतिशत, कोदोको क्षेत्रफल ०.९ प्रतिशत, जौको क्षेत्रफल ०.५ प्रतिशत, आलुको क्षेत्रफल १.८ प्रतिशत, उखुको क्षेत्रफल ४.६ प्रतिशत, सुर्तीको क्षेत्रफल २.८ प्रतिशत, भटमासको क्षेत्रफल २.१ प्रतिशत र दलहनको क्षेत्रफल १३.६ प्रतिशतले बढेको छ भने धानको क्षेत्रफल ०.५ प्रतिशत, मकैको क्षेत्रफल २.५ प्रतिशत, फापरको क्षेत्रफल १.१ प्रतिशत, सनपाटको क्षेत्रफल ०.४ प्रतिशत र तेलहनको क्षेत्रफल ०.९ प्रतिशतले घटेको छ।

गत वर्षको सोही अवधिमा धानको क्षेत्रफल ४.० प्रतिशत, मकैको क्षेत्रफल ३.५ प्रतिशत, गहुँको क्षेत्रफल ६.३ प्रतिशत, जौको क्षेत्रफल ०.८ प्रतिशत, फापरको क्षेत्रफल ०.६ प्रतिशत, आलुको क्षेत्रफल १.५ प्रतिशत, भटमासको क्षेत्रफल ४.५ प्रतिशत, दलहनको क्षेत्रफल ३.५ प्रतिशत र तेलहनको क्षेत्रफल ६.१ प्रतिशतले बढेको थियो भने कोदोको क्षेत्रफल ३.० प्रतिशत, उखुको क्षेत्रफल ८.९ प्रतिशत र सनपाटको क्षेत्रफल १.३ प्रतिशतले घटेको थियो।

समग्र कृषि बालीको क्षेत्रफलमा धान बालीको क्षेत्रफल सबैभन्दा धेरै ३३.० प्रतिशत रहेको छ।

**चार्ट १ : प्रमुख खाद्यान्न बालीले ढाकेको क्षेत्रफल (लाख हेक्टरमा)**




**२.१.२ तरकारी:** समीक्षा अवधिमा तरकारी बालीले ढाकेको क्षेत्रफल ८.४ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमाउक्त क्षेत्रफल ४.२ प्रतिशतले बढेको थियो।

**२.१.३ फलफूल तथा मसला:** समीक्षा अवधिमा फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफल ०.३ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमायस्ता बालीले ढाकेको क्षेत्रफल ७.३ प्रतिशतले बढेको थियो ।

यसमध्ये सुन्तलाको क्षेत्रफल ०.७ प्रतिशत, केराको क्षेत्रफल २.२ प्रतिशत, स्याउको क्षेत्रफल ३.७ प्रतिशत, मसलाको क्षेत्रफल २.७ प्रतिशत र कफीको क्षेत्रफल ३.६ प्रतिशतले बढेको छ भने आँपको क्षेत्रफल ७.३ प्रतिशतले घटेको छ ।

**प्रदेशगत स्थिति :**समीक्षा अवधिमा सुदूर-पश्चिम प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल घटेको छ भने अन्य प्रदेशमा बढेको छ । तरकारी बालीले ढाकेको क्षेत्रफल प्रदेश १, प्रदेश २, बागमती, गण्डकी र कर्णाली र सुदूर-पश्चिम प्रदेशमा बढेको छ भने प्रदेश ५ मा तरकारी बालीले ढाकेको क्षेत्रफल घटेको छ । त्यसैगरी, फलफूल तथा मसलाजन्य बालीले ढाकेको क्षेत्रफल प्रदेश १, बागमती, गण्डकी र कर्णाली प्रदेशमा बढेको छ भने बाँकी अन्य प्रदेशमा घटेको छ । धान बालीले ढाकेको कुल क्षेत्रफलमा प्रदेश २ को हिस्सा सबैभन्दा बढी २५.२ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम २.५ प्रतिशत रहेको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका १ (समग्र तथा प्रदेशगत) मा प्रस्तुत गरिएको छ ।


## २.२ कृषि उत्पादन

समीक्षा अवधिमा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी र फलफूल तथा मसला) को कुल उत्पादन ०.३ प्रतिशतले घटेकोछ । गत वर्षको सोही अवधिमायस्ता बालीको उत्पादन ६.७ प्रतिशतले बढेको थियो ।

**२.२.१ खाद्य तथा अन्य बाली:** समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादन १.७ प्रतिशतले घटेको छ । प्रमुख खाद्य बालीमध्ये गहुँ उत्पादन २.७ प्रतिशत, कोदो उत्पादन ४.२ प्रतिशत, जौ उत्पादन १.६ प्रतिशत, आलु उत्पादन २.५ प्रतिशत, उखु उत्पादन १.१ प्रतिशत, सनपाट उत्पादन ०.९ प्रतिशत, भटमास उत्पादन ५.८ प्रतिशत, दलहन उत्पादन ०.९ प्रतिशत र तेलहन उत्पादन १.७ प्रतिशतले बढेको छ भने धान उत्पादन ६.८ प्रतिशत, फापर उत्पादन ७.५ प्रतिशत र सुर्ती उत्पादन २.० प्रतिशतले घटेको छ ।

गत वर्षको सोही अवधिमा धान उत्पादन १०.७ प्रतिशत, मकै उत्पादन २.२ प्रतिशत, गहुँ उत्पादन १६.६ प्रतिशत, जौ उत्पादन ४.२ प्रतिशत, आलु उत्पादन २.३ प्रतिशत, उखु उत्पादन ३.० प्रतिशत, सुर्ती उत्पादन ७.१ प्रतिशत, भटमास उत्पादन ४.७ प्रतिशत, दलहन उत्पादन २१.५ प्रतिशत र तेलहन उत्पादन १६.४ प्रतिशतले बढेको थियो भने कोदो उत्पादन ६.४ प्रतिशत, फापर उत्पादन ७.४ प्रतिशत र सनपाट उत्पादन ३.४ प्रतिशतले घटेको थियो । समग्र कृषि बालीको उत्पादनमा धान बाली उत्पादन सबैभन्दा बढी २७.८ प्रतिशत रहेको छ ।

**चार्ट २ : प्रमुख खाद्यान्न बालीहरुको उत्पादन स्थिति (लाख मे.टनमा)**




मनसुन शुरुवातमा हुन गएको ढिलाई, धानको  कमसल बीउ (गरिम) फौजी किराको प्रकोप लगायतका कारण समग्र कृषि उत्पादन घट्न गएको हो ।

**२.२.२ तरकारी:**समीक्षा अवधिमा तरकारी उत्पादन ७.२ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा तरकारी उत्पादन ७.८ प्रतिशतले बढेको थियो ।

**२.२.३ फलफूल तथा मसला** :समीक्षा अवधिमा फलफूल तथा मसला बालीको समग्र उत्पादन १.७ प्रतिशतले घटेको छ । सुन्तला उत्पादन ०.६ प्रतिशत, आँप उत्पादन ०.६ प्रतिशत, केरा उत्पादन ४.८ प्रतिशत, स्याउ उत्पादन १.७ प्रतिशतर कफी उत्पादन ४.० प्रतिशतले बढेको छ भने अन्य फलफूल उत्पादन २.२ प्रतिशत, मसला उत्पादन ५.९ प्रतिशत र चिया उत्पादन १०.६ प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा सुन्तला उत्पादन १०.१ प्रतिशत, आँप उत्पादन ४.७ प्रतिशत, केरा उत्पादन ७.८ प्रतिशत, स्याउ उत्पादन ३.० प्रतिशत, अन्य फलफूल ३.९ प्रतिशत, मसला उत्पादन ७.२ प्रतिशत र कफी उत्पादन ९.३ प्रतिशतले बढेको थियो ।

**प्रदेशगत स्थिति** :समीक्षा अवधिमा प्रदेश २, बागमती, गण्डकी र कर्णाली प्रदेशमा खाद्य तथा अन्य बालीको उत्पादन बढेको छ भने बाँकी अन्य प्रदेशमा घटेको छ । तरकारी उत्पादन प्रदेश १, प्रदेश २, बागमती, गण्डकी, कर्णाली र सुदूर-पश्चिम प्रदेशमा बढेको छ भने प्रदेश ५ मा घटेको छ । यसैगरी, फलफूल तथा मसलाजन्य बालीको उत्पादन प्रदेश २, बागमती, प्रदेश ५ र कर्णाली प्रदेशमा बढेको छ भने अन्य सबै प्रदेशमा घटेको छ। धान बालीको कुल उत्पादनमा प्रदेश १ को हिस्सा सबैभन्दा बढी २३.३ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम २.५ प्रतिशत रहेको छ। धानको उत्पादकत्व बागमती प्रदेशमा सबैभन्दा बढी ३.८ मे. टन प्रति हेक्टर रहेको छ भने सबैभन्दा कम उत्पादकत्व सुदूर-पश्चिम प्रदेशमा ३.१ मे. टन प्रति हेक्टर रहेको छ।

यस सम्बन्धी विस्तृत विवरण तालिका २ (समग्र तथा प्रदेशगत) मा प्रस्तुत गरिएको छ।

## २.३ पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन

**२.३.१ पशुपंक्षी उत्पादन** :समीक्षा अवधिमा दुध उत्पादन १.२ प्रतिशतले बढेको छ ।गत वर्षको सोही अवधिमा दुध उत्पादन ७.२ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा मासु उत्पादन ६.२ प्रतिशतले बढेको छ। मासुजन्य उत्पादनतर्फ भैंसी/राँगोको मासु उत्पादन ०.७ प्रतिशत, खसी/बोका/भेडाको मासु उत्पादन १२.० प्रतिशत, सुंगुर/बंगुरको मासु उत्पादन ५.७ प्रतिशत र कुखुरा तथा हाँसको मासु उत्पादन ९.०

प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा मासु उत्पादन १.८ प्रतिशतले घटेको थियो । गत वर्षको सोही अवधिमा सुँगुर/बंगुरको मासु उत्पादन ४.४ प्रतिशत, कुखुरा/हाँसको मासु उत्पादन ५.७ प्रतिशतले बढेको थियो भने भैसी/राँगोको मासु उत्पादन २.५ प्रतिशत र खसी/बोका/भेडाको मासु उत्पादन ५.६ प्रतिशतले घटेको थियो । कर्णाली प्रदेशमा सबैभन्दा बढी २६.९ प्रतिशत दुध उत्पादन भएको छ भने सुदूर-पश्चिम प्रदेशमा सबैभन्दा कम ७.७ प्रतिशत दुध उत्पादन भएको छ ।

समीक्षा अवधिमा अण्डा उत्पादन ८.२ प्रतिशत, ऊन उत्पादन २.१ प्रतिशत र छाला उत्पादन ६.७ प्रतिशतले बढेको छ भने, हाड उत्पादन २३.६ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा अण्डा उत्पादन २.७ प्रतिशत र हाड उत्पादन ३.४ प्रतिशतले बढेको थियो भने ऊन उत्पादन १.२ प्रतिशत र छाला उत्पादन ४५.३ प्रतिशतले घटेको थियो ।

**२.३.२ माछा उत्पादन** :समीक्षा अवधिमा माछा उत्पादन २८.९ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा माछा उत्पादन १३.१ प्रतिशतले बढेको थियो ।


**२.३.३ वनजन्य उत्पादन** :त्यसैगरी, वनजन्य उत्पादनतर्फ काठ उत्पादन १०.९ प्रतिशत, दाउरा उत्पादन ४८.१ प्रतिशत, औषधिजन्य वस्तुको उत्पादन २१.६ प्रतिशत र अन्य उत्पादन २८.९ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा काठ उत्पादन १४.९ प्रतिशत, अन्य उत्पादन ७.४ प्रतिशतले बढेको थियो भने दाउरा र औषधिजन्य वस्तुको उत्पादन क्रमशः १५.८ प्रतिशत र ६३.२ प्रतिशतले घटेको थियो ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ३ (समग्र तथा प्रदेशगत) मा दिइएको छ ।

## २.४ सिँचाइ तथा मौसम

समीक्षा अवधिमा कुल सिंचित क्षेत्रफल ३.२ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमाकुल सिंचित क्षेत्रफल २.३ प्रतिशतले बढेको थियो । कुल खेती गरिएको भू-भागमध्ये ३६.६ प्रतिशत क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको देखिन्छ । कुल सिंचित क्षेत्रफलमध्ये ३६.५ प्रतिशत कुलो, ५१.० प्रतिशत नहर, २.० प्रतिशत पोखरी र १०.५ प्रतिशत बोरिङ्गबाट सिंचित भएको देखिन्छ ।देशको कुल सिंचित क्षेत्रफलमा प्रदेश २ को हिस्सा सबैभन्दा बढी २६.५ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम २.४ प्रतिशत रहेको छ । देशको कुल खेतीयोग्य क्षेत्रफलमा प्रदेश १ को हिस्सा सबैभन्दा बढी २४.४ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ३.८ प्रतिशत रहेको छ ।

**चार्ट ३ : सिंचाई क्षेत्रमा भएको विस्तार (लाख हेक्टरमा)**




यस सम्बन्धी विस्तृत विवरण तालिका ४ (समग्र तथा प्रदेशगत) मा प्रस्तुत गरिएको छ ।

## २.५ क्षेत्रगत कृषि कर्जा

२०७६ पुसमसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट कृषिमा प्रवाहित कर्जा २०७६ असार मसान्तको तुलनामा २०.२ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ८८ अर्ब ३७ करोड पुगेको छ। गत वर्षको सोही अवधिमायस्तो कर्जा २१.१ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा कुल कृषि कर्जामध्ये सबैभन्दा बढी रु. ५९ अर्ब २६ करोड कर्जा अन्य कृषि तथा कृषिजन्य सेवा शीर्षकमा प्रवाह भएको छ भने सबैभन्दा न्यून सुर्ती बालीमा रु. १० करोड ५० लाख प्रवाह भएको देखिन्छ। कुल कर्जामध्ये कृषि क्षेत्रमा प्रवाहित कर्जामा प्रदेश १ को अंश १७.० प्रतिशत, प्रदेश २ को अंश १४.९ प्रतिशत,बागमती प्रदेशको अंश ३८.० प्रतिशत, गण्डकी प्रदेशको अंश ८.५ प्रतिशत, प्रदेश ५ को अंश १५.९ प्रतिशत, कर्णाली प्रदेशको अंश १.३ प्रतिशत र सुदूर-पश्चिम प्रदेशको अंश ४.४ प्रतिशत रहेको छ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ५ (समग्र तथा प्रदेशगत) मा प्रस्तुत गरिएको छ।

## २.६ सहुलियतपूर्ण कृषि कर्जा

२०७६ पुस मसान्तसम्ममा कृषि तथा पशुपंक्षी व्यवसाय कर्जा अन्तर्गत २०,७९१ ऋणीमा लगानी भएको रु.४५ अर्ब ८ करोड कर्जा बक्यौता रहेको छ। त्यसैगरी, सहुलियतपूर्ण कर्जाका अन्य शीर्षक अन्तर्गत ३,१८७ ऋणीको रु.१ अर्ब ९३ करोड कर्जा बक्यौता रहेको छ।

## २.७ कृषि क्षेत्रका चुनौती र सम्भावना

### २.७.१ चुनौती

- समयमा मल, बीऊ लगायत कृषि आगतको व्यवस्थापन गर्नु।
- कृषिमा अनुसन्धान, प्रविधि तथा प्राविधिकको प्रयोग गरी कृषि उत्पादकत्व बढाउनु।
- सलह, फौजी किराजस्ता जीवबाट कृषि बाली जोगाउनु।
- वर्षैभरी भरपर्दो र दीगो सिँचाई सुविधा विस्तार गर्नु।
- निर्वाहमुखी कृषिलाई व्यावसायिक कृषिको रुपमा विकास र विस्तार गर्नु।
- कृषि उत्पादनको लागत घटाई कृषकको नाफा सुनिश्चित गर्नु।
- कृषिमा यान्त्रिकीकरण, शीत भण्डार, कृषि बजार, सडक विस्तार गरी कृषि क्षेत्रको विकास गर्नु।
- कृषि नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नु।
- बढ्दो सहरीकरणले बढ्दै गएको कृषि जमीन खण्डिकरण रोक्नु।
- सहज र सुलभ दरमा कृषि ऋण तथा कृषि बीमा कृषकलाई उपलब्ध हुने व्यवस्था गर्नु।
- कृषि क्षेत्रमा जलवायु परिवर्तनका नकारात्मक असर न्यूनीकरण गर्दै प्राकृतिक प्रकोपसँग जुध्ने क्षमता विकास गर्नु।

### २.७.२ सम्भावना

- रोजगारीमा प्रमुख हिस्सा कृषि क्षेत्रको रहेकोले कृषिको विस्तारबाट थप रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको।

- कृषि मूल्यश्रृङ्खलामा सहकारी संस्थाको सेवा उपयोग गरी उत्पादन र बजारीकरण प्रवर्द्धन गर्न सकिने सम्भावना रहेको ।
- भारत र अन्य मुलुकबाट फर्केका युवा कृषि कर्ममा लाग्दा उत्पादन बढ्ने सम्भावना रहेको ।
- कृषि यन्त्रको प्रयोग प्रवर्द्धन गरी कृषि लागत घटाउने सम्भावना रहेको ।
- सरकारले कृषिलाई प्राथमिकताप्राप्त क्षेत्रमा राखेकोले कृषिमा आकर्षण बढ्ने देखिएको ।
- कृषि क्षेत्रमा बैंक तथा वित्तीय संस्थाहरुबाट कर्जा लगानी वृद्धि गरी व्यावसायिक कृषिको विस्तार गर्न सकिने सम्भावना रहेको ।

# परिच्छेद ३
# उद्योग क्षेत्र

## ३.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी

समीक्षा अवधिमा सर्वेक्षणमा समेटिएका १५४ उद्योगको औसत क्षमता उपयोग ४०.० प्रतिशत रहेको छ। सर्वेक्षणमा समेटिएका उद्योगमध्ये मदिरा उद्योगले सबैभन्दा बढी ९२.१ प्रतिशत क्षमता उपयोग गरेको देखिएको छ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ६ (समग्र तथा प्रदेशगत) मा प्रस्तुत गरिएको छ।

अध्ययनले समेटेका उद्योगमध्ये तोरीको तेल, भटमासको तेल, चामल, गहुँको पिठो, चकलेट, चाउचाउ, मदिरा, सिन्थेटिक कपडा, जुटका सामान, रंग, औषधि, सिमेन्ट, घरेलु धातुका सामान, संरचनागत धातुका सामान, बिजुलीका तारको उत्पादन बढेको छ भने वनस्पति घ्यू, प्रशोधित दूध, पशुदाना, विस्कुट, प्रशोधित चिया, बियर, हल्का पेय पदार्थ, चुरोट, धागो, गार्मेण्ट, प्रशोधित छाला, कागज, साबुन, प्लाष्टिकका सामान, ईटा, कंक्रिट, फलामको छड तथा पाता, जी.आई. तार, जी.आई. पाइप, आल्मुनियम, टायर तथा ट्यूवको उत्पादन घटेको छ।


विद्युत आपूर्तिमा सुधार आएको तथा निर्माणजन्य गतिविधिमा विस्तार भएसँगै खानीजन्य उत्पादनमा समेत वृद्धि भएकोले औद्योगिक क्षेत्रको उत्पादन बढेको छ।

प्रदेश १ मा वनस्पति घ्यू तथा तेल, अन्य खाद्य पदार्थ, जुटका सामान, धातुका उपकरण, सिमेन्टलगायतको उत्पादन प्रमुख रहेको छ भने प्रदेश २ मा कागज,चुरोट, लत्ताकपडा, सिमेन्ट, प्रशोधित छाला, औषधि, फलामको छड तथा पत्ति; बागमती प्रदेशमा प्रशोधित दुध, पशुदाना, पश्मिना, तयारी पोशाक, औषधि,गण्डकी प्रदेशमा विस्कुट, चाउचाउ; प्रदेश ५ मा तोरीको तेल, गहुँको पिठो, वियर, औषधि, सिमेन्टतथा सुदूर-पश्चिम प्रदेशमा गहुँको पिठो, चिरेको काठ, रोजिनलगायतका वस्तुको उत्पादन हुने गरेको छ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ७ (समग्र तथा प्रदेशगत) मा प्रस्तुत गरिएको छ।

## ३.२ क्षेत्रगत औद्योगिक कर्जा

२०७६ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा २०७६ असार मसान्तको तुलनामा १७.३ प्रतिशतले वृद्धि भई रु. १० खर्ब ६२ अर्ब ४० करोड पुगेको छ। गत वर्षको सोही अवधिमायस्तो कर्जा १२.६ प्रतिशतले बढेको थियो। कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित कर्जाको अंश ३३.९ प्रतिशत रहेको छ।




औद्योगिक कर्जामध्ये खानी सम्बन्धी उद्योगमा ०.७ प्रतिशत, कृषि, वन तथा पेय पदार्थ सम्बन्धी उद्योगमा १५.९ प्रतिशत, गैर-खाद्य वस्तु उत्पादन सम्बन्धी उद्योगमा ३५.३ प्रतिशत, निर्माण सम्बन्धी उद्योगमा ३१.४ प्रतिशत, विद्युत ग्यास तथा पानी सम्बन्धी उद्योगमा १२.९ प्रतिशतप्रवाह भएको छ ।

औद्योगिक कर्जामध्ये प्रदेश १ को हिस्सा ११.७ प्रतिशत, प्रदेश २ को हिस्सा ८.३ प्रतिशत, बागमती प्रदेशको हिस्सा ६३.५ प्रतिशत, गण्डकी प्रदेशको हिस्सा ४.७ प्रतिशत, प्रदेश ५ को हिस्सा ९.५ प्रतिशत, कर्णाली प्रदेशको हिस्सा ०.५ प्रतिशत र सुदूर-पश्चिम प्रदेशको हिस्सा १.८ प्रतिशत रहेको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ८ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

## ३.३ औद्योगिक क्षेत्रका चुनौती र सम्भावना

### ३.३.१ चुनौती

- अधिकांश उद्योग कम क्षमतामा संचालनमा रहेकोले क्षमता उपयोग बढाई उत्पादन र उत्पादकत्व वृद्धि गर्नु ।
- आवश्यक तालिममार्फत उद्योग क्षेत्रमा कार्यरत श्रमिकको क्षमता अभिवृद्धि गर्नु ।
- स्वदेशी औद्योगिक कच्चा पदार्थको उत्पादन बढाई औद्योगिक आपूर्ति श्रृंखला प्रभावकारी बनाई समग्र औद्योगिक उत्पादन वृद्धि गर्नु ।
- उत्पादित वस्तुको बढी लागत तथा गुणस्तरमा कमी हुनाले आयातित उत्पादनसँग प्रतिस्पर्धामा कमजोर हुनु ।
- जमीनको मूल्य वृद्धिका कारण उद्योग स्थापना खर्च अधिक हुनु ।
- विशेष आर्थिक क्षेत्र तथा निर्यात प्रशोधन केन्द्र र औद्योगिक क्षेत्रमा पूर्वाधार विकास गर्नु ।
- सस्तो दरमा विद्युतीय उर्जा उपलब्ध गराउनु ।
- कृषि उत्पादनलाई उद्योगसँग जोड्नु ।

- लगानीमैत्री वातावरण सिर्जना गरी तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमताका निर्यातमुलक उद्योगमा प्रत्यक्ष विदेशी लगानी आकर्षण गर्नु ।
- कोभिड-१९ को प्रभावका कारण धेरै समय उद्योग बन्द रहेका कारण श्रम-सम्बन्ध टुटी उद्योगको सहज पुनरसंचालन गर्नु ।
- कोभिड-१९ को प्रभावका कारण उद्योगलाई आवश्यक चालुकर्जा प्राप्त गर्नु ।

### ३.३.२ सम्भावना

- खुला अर्थतन्त्र र अन्तर्राष्ट्रिय क्षेत्रीय संगठनमा आबद्ध हुनुले थप बजार सिर्जना हुनु ।
- दुई ठूला छिमेकी मुलुकको तीव्र आर्थिक वृद्धि र विस्तारको कारणले औद्योगिक वस्तु तथा सेवाको बजार उपलब्ध हुनु ।
- गैर-आवासीय नेपालीलाई औद्योगिक विकासमा परिचालन गर्ने सम्भावना हुनु ।
- लगानीमैत्री वातावरण सिर्जना हुने गरी नीतिगत, कानूनी, संरचनागत तथा प्रक्रियागत सुधार हुनु ।
- सिमेन्टलगायत उद्योगमा आत्मनिर्भरतर्फ उन्मुख भएकाले यस्ता उत्पादनको आयात घट्ने सम्भावना रहेको ।
- बैकिङ्ग क्षेत्रमा भएको अधिक तरलताका कारण कर्जाको ब्याजदर क्रमशः घट्दै जाने देखिएकोले औद्योगिक लागत समेत घट्दै जाने देखिएको छ ।
- उद्योगको विकास र विस्तार गरी रोजगारीको अवसर वृद्धि गर्न सकिनेसम्भावना रहेको ।
- सहुलियतपूर्ण उर्जा आपूर्तिमार्फत उद्योगको लागत कम गरी प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गर्न सकिने सम्भावना रहेको छ ।

# परिच्छेद ४
# सेवा क्षेत्र

## ४.१ पर्यटन

समीक्षा अवधिमा पर्यटक आगमन ४.५ प्रतिशतले घटेर ६ लाख २३ हजार ५ सय ३३ पुगेको छ । समीक्षा अवधिमा अध्ययनमा समेटिएका जिल्लामा पर्यटकस्तरीय होटल तथा लजको संख्या १८.४ प्रतिशतले बढेर २ हजार ९ सय ३२  र शैय्या संख्या १७.७ प्रतिशतले बढेर ९८ हजार ८ सय २० पुगेको छ । सरकारले घोषणा गरेको नेपाल भ्रमण वर्ष २०२० को उत्साहका कारण होटल तथा शैय्यासंख्यामा वृद्धि भएको हो ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ९ (समग्र तथा प्रदेशगत) मा दिइएको छ ।

## ४.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन संख्या १.५ प्रतिशतले घटेर ३ लाख ४९ हजार ५ सय ४ पुगेको छ। गत वर्षको सोही अवधिमासो संख्या १३.९ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन बापतको राजस्व २३.२ प्रतिशतले बढेर रु. ११ अर्ब ९९ करोड पुगेको छ । गत वर्षको सोही अवधिमायस्तो राजस्व ६.१ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा घर/भवन नक्सा पास संख्या १०.५ प्रतिशतले घटेर ३२ हजार ९ सय ३८ पुगेको छ । गत वर्षको सोही अवधिमाघर/भवन नक्सा पास संख्या १.० प्रतिशतले घटेको थियो ।


बागमती प्रदेश, गण्डकी प्रदेश र सुदूर-पश्चिम प्रदेशमा घर-जग्गा रजिष्ट्रेशन संख्या बढेको छ भने बाँकी प्रदेशमा घर-जग्गा रजिष्ट्रेसन संख्या घटेको छ । त्यसैगरी, कर्णाली प्रदेशमा घरजग्गा रजिष्ट्रेशन वापतको राजस्व घटेको छ भने अन्य प्रदेशमा यस्तो राजश्व बढेको छ । घर/भवन नक्सा पास संख्या सुदूर-पश्चिम प्रदेशमा बढेको छ भने अन्य प्रदेशमाघटेको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका १० (समग्र तथा प्रदेशगत) मा प्रस्तुत गरिएको छ ।

## ४.३ वित्तीय सेवा

२०७६ पुस मसान्तसम्म वाणिज्य बैंकका ४०११, विकास बैंकका १२९३, वित्त कम्पनीका २१७ तथा लघुवित्त वित्तीय संस्थाका ३८६१ र १ वटा पूर्वाधार विकास बैंक गरी जम्मा ९३८३ शाखा सञ्चालनमा रहेका छन् । यसमध्ये बागमती प्रदेशमा सबैभन्दा बढी २४२१ तथा कर्णाली प्रदेशमा सबैभन्दा कम ३७२ शाखा सञ्चालनमा रहेका छन् । वित्तीय सेवा सम्बन्धी विस्तृत विवरण तालिका ११ मा दिइएको छ ।

२०७६ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले संकलन गरेको कुल निक्षेप २०७६ असार मसान्तको तुलनामा ९.५ प्रतिशतले वृद्धि भई रु. ३५ खर्ब ३४ अर्ब ७३ करोड पुगेको छ । गत वर्षको सोही अवधिसम्म यस्तो निक्षेप ८.१ प्रतिशतले वृद्धि भएको थियो ।




२०७६ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जा २०७६ असार मसान्तको तुलनामा १२.३ प्रतिशतले वृद्धि भई रु. ३१ खर्ब ३१ अर्ब ८१ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो कर्जा १३.४ प्रतिशतले वृद्धि भएको थियो। २०७६ पुस मसान्तमा कर्जा निक्षेप अनुपात ८८.६ प्रतिशत रहेको छ। २०७६ असार मसान्तमा यस्तो अनुपात ८६.४ प्रतिशत रहेको थियो ।

२०७६ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले संकलन गरेको कुल निक्षेपमा बागमती प्रदेशको अंश सबैभन्दा धेरै ७०.३ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशको ०.९ प्रतिशत रहेको छ। कुल कर्जामा बागमती प्रदेशको अंश सबैभन्दा धेरै ५६.१ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशको अंश १.१ प्रतिशत रहेको छ।

निक्षेप तथा कर्जा सम्बन्धी विस्तृत विवरण तालिका १२ मा प्रस्तुत गरिएको छ।

## ४.४ यातायातः

समीक्षा अवधिमा अध्ययन क्षेत्रमा दर्ता भएका कुल सवारी साधन अघिल्लो वर्षको सोही अवधिको तुलनामा १२.९ प्रतिशतले वृद्धि भई ३९ लाख ५१ हजार २ सय ९३ पुगेको छ। यसमध्ये मोटरसाईकल संख्या १३.३ प्रतिशत तथा अन्य सवारी साधन ११.६ प्रतिशतले वृद्धि भएको छ।

यस सम्बन्धी विवरण तालिका १९ मा प्रस्तुत गरिएको छ।

## ४.५ सेवा क्षेत्र कर्जा

२०७६ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा २०७६ असार मसान्तको तुलनामा २१.३ प्रतिशतले वृद्धि भई रु. १२ खर्ब ४७ अर्ब १ करोड पुगेको छ। गत वर्षको सोही अवधिमायस्तो कर्जा ७.४ प्रतिशतले बढेको थियो। कुल कर्जामध्ये सेवा क्षेत्रमा प्रवाहित कर्जाको अंश ३९.८ प्रतिशत रहेको छ।

सेवा क्षेत्र कर्जामध्ये थोक तथा खुद्रा विक्रेता क्षेत्रमा सबैभन्दा बढी ५२.१ प्रतिशत कर्जा प्रवाह भएको छ भने पर्यटन क्षेत्रमा १०.७ प्रतिशत कर्जा प्रवाह भएको छ।

सेवा क्षेत्र कर्जामध्ये बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी५९.३प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशको हिस्सा १.१ प्रतिशत रहेको छ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ८ (समग्र तथा प्रदेशगत) मा प्रस्तुत गरिएको छ ।

## ४.६ सहुलियतपूर्ण कर्जा

२०७६ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित सहुलियतपूर्ण कर्जा २०७६ असार मसान्तको तुलनामा ४३.२ प्रतिशतले वृद्धि भई रु. ४७ अर्ब १ करोड पुगेको छ । गत वर्षको सोही अवधिमायस्तो कर्जा ६३.१ प्रतिशतले वृद्धि भएको थियो । कुल सहुलियतपूर्ण कर्जामा प्रदेश १ को अंश १७.४ प्रतिशत, प्रदेश २ को अंश ८.६ प्रतिशत, बागमती प्रदेशको अंश ४६.४ प्रतिशत, गण्डकी प्रदेशको अंश १०.४ प्रतिशत, प्रदेश ५ को अंश १३.१ प्रतिशत, कर्णाली प्रदेशको अंश ०.८ प्रतिशत र सुदूर-पश्चिम प्रदेशको अंश ३.३ प्रतिशत रहेको छ ।

## ४.७ विपन्न वर्ग कर्जा

२०७६ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित विपन्न वर्ग कर्जा २०७६ असार मसान्तको तुलनामा १३.९१ प्रतिशतले वृद्धि भई रु. २ खर्ब २ अर्ब ५ करोड पुगेको छ । गत वर्षको सोही अवधिमायस्तो कर्जा १०.३ प्रतिशतले वृद्धि भएको थियो । कुल विपन्न वर्ग कर्जामा बागमती प्रदेशको अंश सबैभन्दा बढी ५३.४ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको अंश सबैभन्दा कम २.६ प्रतिशत रहेको छ ।

## ४.८ पुनरकर्जा

२०७६ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित पुनरकर्जा २०७६ असार मसान्तको तुलनामा १४.९ प्रतिशतले वृद्धि भई रु. १७ अर्ब ११ करोड पुगेको छ । गत वर्षको सोही अवधिमायस्तो कर्जा ४१.७ प्रतिशतले वृद्धि भएको थियो । कुल पुनरकर्जा उपयोगमा बागमती प्रदेशको अंश सबैभन्दा बढी ७४.७ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशमा पुनरकर्जा प्रवाह भएको छैन ।

## ४.९ सेवा क्षेत्रको चुनौती र सम्भावना

### ४.९.१ चुनौती

- कोभिड-१९ को कारण पर्यटन गतिविधि ठप्प रहेकोले यस क्षेत्रलाई पुनरुत्थान र पुनरसंचालन गर्नु ।
- पर्यटन क्षेत्रमा आवश्यक दक्ष जनशक्तिको पर्याप्तता कायम राख्नु ।
- पर्यटन क्षेत्रमा जलवायु परिवर्तनजन्य जोखिमबाट आउने असर कम गर्नु ।
- गुणस्तरीय पर्यटक आगमन वृद्धि गरी पर्यटकको खर्च र बसाई अवधि वृद्धि गर्नु ।
- केरुङ्ग नाकाबाट नेपाल आउने बाटोको स्तरोन्नति गरी स्थलमार्गबाट चीनियाँ पर्यटक भित्र्याउनु ।
- पुनरनिर्माणको कार्य समयमै सम्पन्न गर्नु ।
- अव्यवस्थित सहरीकरणलाई रोकी व्यवस्थित सहरीकरणको विकास गर्नु ।
- पूर्वाधार निर्माणको लागि जग्गा अधिकरण गर्नु ।
- पूर्वाधार निर्माणका लागि चाहिने ठेकेदारको क्षमता विकास गर्नु ।

### ४.९.२ सम्भावना

- नयाँ गन्तव्यस्थलको पहिचान र विविधीकरण गरी विश्व पर्यटन बजारमा नेपाल प्रमुख आकर्षक पर्यटकीय गन्तव्यको रुपमा स्थापित हुन सक्ने ।

- संघीय संरचना अनुरुप तीन तहका सरकारबाट पर्यटन क्षेत्रमा उत्साहजनक काम गर्ने वातावरण तयार हुन सक्ने ।
- अन्तर्राष्ट्रिय विमानस्थल लगायत पर्यटन पूर्वाधारको निर्माण चाँडै सम्पन्न हुन सक्ने ।
- भारत र चीनजस्ता उच्च जनसंख्या भएका देश छिमेकी भएकाले पर्यटकको संख्या बढाउन सकिने सम्भावनारहेको ।

# परिच्छेद ५
# पूर्वाधार क्षेत्र

## ५.१ पूर्वाधार स्थिति[1]

मुलुकभर रणनीतिक र स्थानीय सडक सञ्जाल गरी कालोपत्रे १५ हजार २ सय ५४ किलोमिटर, खण्डस्मित ९हजार २ सय ५१ किलोमिटर र कच्ची सडक ९ हजार ८ सय ४२ किलोमिटर गरी कुल सडकको लम्बाई ३४ हजार ३ सय ४७ किलोमिटर पुगेको छ ।

समीक्षा अवधिमा आन्तरिक विद्युत जडित क्षमता १ हजार २ सय २० मेगावाटबाट १ हजार ३ सय ४३ मेगावाट पुगेको छ भने प्रतिव्यक्ति विद्युत खपत २ सय ४५ किलोवाट घण्टाबाट २ सय ६७ किलोवाट घण्टा पुगेको छ ।

स्थानीयस्तरबाट ६१ हजार ३ सय ९५ कि.मी. सडक निर्माण भएको छ जसमध्ये सबैभन्दा बढी बागमती प्रदेशमा र सबैभन्दा कम कर्णाली प्रदेशमा सडक निर्माण भएको छ ।

नेपालमा उडान भर्ने अन्तर्राष्ट्रिय वायुसेवाको संख्या ३० पुगेको छ । सबै मौसममा सञ्चालनमा रहने विमानस्थलको संख्या ३५ पुगेको छ ।

जयनगर/जनकपुर-बर्दिवास ७० कि.मी. रेलमार्गमध्ये ५६ किलोमिटर रेलमार्गको निर्माण सम्पन्न भएको छ ।

## ५.२ पूर्वाधार क्षेत्रका चुनौती र संभावना

### ५.२.१ चुनौती

- आयोजना निर्धारित समय र लागतमा सम्पन्न गर्नु ।
- सरोकारवाला निकायबीच समन्वय र प्रभावकारी नियमनको व्यवस्थापन गर्नु ।
- चुनौतीपूर्ण भोगोलिक अवस्थाका कारण सडक पूर्वाधार निर्माणमा कठिनाई उत्पन्न हुनु ।
- पुनरनिर्माणको कार्य समयमै सक्नु ।
- अव्यवस्थित सहरीकरणलाई रोकी व्यवस्थित सहरीकरणको विकास गर्नु ।
- पूर्वाधार निर्माणको लागि जग्गा अधिकरण गर्नु ।
- पूर्वाधार निर्माणका लागि चाहिने ठेकेदारको क्षमता विकास गर्नु ।
- राष्ट्रिय गौरव र अन्तिम अवस्थामा पुगेका आयोजनाको निर्माण कार्य यथाशीघ्र सम्पन्न गर्नु ।

### ५.२.२ सम्भावना

- कुल गार्हस्थ्य बचत तथा राष्ट्रिय बचत बढ्दै गएकोले पूर्वाधार विकासमा लगानीको लागि श्रोतको उपलब्धता बढने सम्भावना रहेको ।

[1] पूर्वाधार स्थिति आर्थिक सर्वेक्षण २०७६/७७तथाआर्थिक वर्ष २०७६/७७ को बजेटको अर्धवार्षिक समीक्षा प्रतिवेदनबाट साभार गरिएको ।

- तीन तहका सरकारको सडक सञ्जालको जिम्मेवारी तोकिनु, सरकारको दीर्घकालिन सोचमा सडक सञ्जालको विकास एवम् सुदृढीकरण उच्च प्राथमिकतामा रहनु ।
- द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदारबाट सडक पूर्वाधार लगानीमा चासो रहनु ।
- सिमेन्ट उत्पादनमा देश आत्मनिर्भरतातर्फ उन्मुख रहेको र बढ्दो प्रतिस्पर्धाका कारण यसको मूल्यमा कमी आई निर्माण लागत घट्ने सम्भावना रहनु ।
- जलविद्युत उत्पादनको लागि उपयुक्त भौगोलिक अवस्था र जलस्रोतको उपलब्धता रहनु ।

## परिच्छेद ६
# वाह्य क्षेत्र र रोजगारी

## ६.१ वैदेशिक व्यापार

आर्थिक वर्ष २०७६/७७ को ६ महिनामा कुल वस्तु निर्यात २६.१ प्रतिशतले वृद्धि भई रु.५७ अर्ब २८ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात ११.५ प्रतिशतले वृद्धि भएको थियो। गन्तव्यका आधारमा भारततर्फ ४५.८ प्रतिशतले निर्यात वृद्धि भएको छ भने चीनतर्फ ८.५ प्रतिशत र अन्य मुलुकतर्फ ३.८ प्रतिशतले घटेको छ।

आर्थिक वर्ष २०७६/७७ को ६ महिनामा कुल वस्तु आयात ४.० प्रतिशतले घटेर रु.६९४ अर्ब ६९ करोड कायम भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात ३०.५ प्रतिशतले बढेको थियो। वस्तु आयात गरिने मुलुकका आधारमा भारतबाट भएको आयात ९.१ प्रतिशतले घटेको छ भने चीन तथा अन्य मुलुकबाट भएको आयात क्रमशः १२.१ प्रतिशत र ०.४ प्रतिशतले बढेको छ।

आर्थिक वर्ष २०७६/७७ को ६ महिनासम्ममा कुल वस्तु व्यापार घाटा ६.१ प्रतिशतले संकुचन भई रु.६३७ अर्ब ४१ करोड रहेको छ। गत वर्षको सोही अवधिमा व्यापार घाटा ३२.० प्रतिशतले वृद्धि भएको थियो।

## ६.२ वैदेशिक रोजगारी

समीक्षा अवधिमा विप्रेषण आप्रवाह ०.९ प्रतिशतले वृद्धि भई रु.४४७ अर्ब २६ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ३०.२ प्रतिशतले बढेको थियो।

अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ र वैधानिकीकरण) का आधारमा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या समीक्षा अवधिमा १७.७ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या ३७.३ प्रतिशतले घटेको थियो।

## ६.३ बाह्यक्षेत्रका चुनौती र सम्भावना

### ६.३.१ चुनौती

- प्रत्येक वर्ष बढ्दै गएको व्यापार घाटामा कमी ल्याउनु।
- खुला सिमानाका कारण बढ्दै गएको चोरी निकासी पैठारी नियन्त्रण गर्नु।
- तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमता भएका क्षेत्र समेटी निजी लगानी प्रवर्द्धनका लागि आवश्यक संस्थागत संरचना निर्माण गर्नु।
- पर्यटन, सेवा तथा उर्जाको निर्यातबाट विदेशी मुद्रा आर्जनमा वृद्धि गर्नु।
- विप्रेषण आयलाई उत्पादनसँग जोड्नु।
- विप्रेषण आयको उल्लेख्य अंश उत्पादनमुलक लगानीमा प्रोत्साहित गर्नु।
- विप्रेषणबाट पुँजी निर्माण गर्न सह-लगानी र साझेदारी लगानीको मोडेल विकास गर्नु।
- औपचारिक बैंकिङ्ग प्रणाली मार्फत विप्रेषण भित्र्याउनु।
- निर्यात प्रवर्द्धनका लागि वस्तु र देशगत विविधीकरण गर्नु।

- कृषिजन्य वस्तुको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्नु ।

### ६.३.२ सम्भावना

- राजनीतिक स्थायित्व कायम हुँदै गएकोले गैर-व्यापारिक र गैर-व्यावसायिक जोखिम घट्दै जानु ।
- सरकारले ऐन, नियम तथा नीतिमा समयानुकूल सुधार गर्दै लगेकाले लगानीको वातावरण बन्नु ।
- उर्जा, औद्योगिक श्रम-सम्बन्ध लगायतका समस्या सम्बोधन हुँदै जानु ।
- भारतसँग थप बन्दरगाह उपयोग सम्बन्धी सम्झौता तथा चीनसँग पारवहन सम्झौताले आयात निर्यातमा थप सहजता आउनु ।
- जलविद्युत उत्पादन गरी छिमेकी देशमा निर्यात गर्न सकिने सम्भावना रहनु ।
- विदेश जाने कामदारको सीप र दक्षता अभिवृद्धि गरी विप्रेषण आप्रवाह वृद्धि गर्ने सम्भावना रहनु ।
- विप्रेषण आयको माध्यमबाट आन्तरिक उत्पादन तथा उत्पादकत्व बढाउन उपयोगी हुने अवस्था रहनु ।

## परिच्छेद ७
# संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना

### ७.१ कार्यक्रम तथा परियोजनाको कार्यान्वयन[२]

मध्यपहाडी लोकमार्ग १८७९ मध्ये ८०२ कि.मी. सडक कालोपत्रेमा स्तरोन्नति भएको छ। उक्त लोकमार्गको कुल १२९ पुलमध्ये ६७ पुलको निर्माण सम्पन्न भएको छ।

मेलम्ची खानेपानी आयोजनाको मुख्य सुरुङ्ग तथा अडिट लगायतका खन्ने कार्य सम्पन्न भएका छन्। सुरुङ्गको कंक्रिट कार्य ९९.९ प्रतिशत सम्पन्न भएको छ भने विद्युत गृह, ट्रान्सफर्मर क्याभर्न कंक्रिटको कार्य एवम् विद्युत गृह र ट्रान्सफर्मर क्याभर्न खन्ने कार्य र टेलरेस सुरुङ्गमा लाइनिङ कार्य सम्पन्न भइसकेको छ। हेडवर्क्स डाइभर्सन सुरुङ्गको फिनिसिङ्ग तथा गेट जडानको काम सम्पन्न भएको छ।

हुलाकी राजमार्ग आयोजना १७९२.४ कि.मी. मध्ये २७० कि.मी. सडक कालोपत्रे, ३२५ कि.मी. ग्राभेल र ८१ पुलको निर्माण सम्पन्न भएको छ।

उत्तर दक्षिण लोकमार्ग अन्तर्गत कालीगण्डकी कोरिडोर ४३५ कि.मी. मध्ये ४१ कि.मी. डबल लेनमा ग्राभेल तथा २ पुल निर्माण सम्पन्न भएको छ।

सेती लोकमार्गको २.५ कि.मी. सडक कालोपत्रे र ३४ कि.मी. नयाँ ट्र्याक निर्माण कार्य सम्पन्न भएको छ।

### ७.२ अन्य कार्यक्रमको कार्यान्वयन

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.ब. २०७५/७६ मा सबै प्रदेशका ६४६ स्थानीय तहमा विभिन्न कार्यक्रम सञ्चालन भई १ लाख ८८ हजार व्यक्तिले औसत १२.४ दिन रोजगार पाएका थिए।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट ५ सय ८३ कस्टम हायरिंग सेन्टर, ३ सय ६९ पोष्ट हार्भेष्ट सेन्टर, २ सय ५ हाइटेक र सेमी हाइटेक नर्सरी तथा ग्रीनहाउस जस्ता भौतिक पूर्वाधारको विकास गरिएको छ।

प्रदेश ५, कर्णाली र सुदूर-पश्चिम प्रदेशका १० जिल्ला एशियाली विकास बैंकको सहयोगमा लागू भएको साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजना अन्तर्गत ६ सय ४५ उप-आयोजनाहरुमा रु.१ अर्ब १४ करोड ५२ लाख पुरक अनुदान उपलब्ध गराइएको छ।

---

[२] कार्यक्रम र परियोजना आर्थिक सर्वेक्षण २०७६/७७ तथा आर्थिक वर्ष २०७६/७७ को बजेटको अर्धवार्षिक समीक्षा प्रतिवेदनबाट साभार गरिएको।

# परिच्छेद ८
# आर्थिक परिदृष्य

## ८.१ मूल्य स्थिति

कोभिड-१९ महामारीका कारण आपूर्ति व्यवस्थामा अवरोध आएमा मुद्रास्फीतिमा चाप पर्ने सम्भावना छ ।

## ८.२ कृषि उत्पादन

आर्थिक वर्ष २०७७/७८ को पछिल्लो ६ महिनामा कोभिड-१९ महामारीका कारण व्यावसायिक कृषि गतिविधिमा ह्रास आउने आंकलन गरिएको छ । साथै, ढुवानीको समस्या एवम् मलखाद र बीउवीजन समयमा उपलब्ध नहुँदा तथा सलह प्रकोपका कारण समग्र कृषि उत्पादन प्रभावित हुने देखिन्छ ।

## ८.३ औद्योगिक उत्पादन

कोभिड-१९ को संक्रमण रोकथामका लागि गरिएको बन्दाबन्दीले अधिकांश उद्योग, व्यवसाय बन्द भएको तथा संचालनमा रहेका उद्योग समेत पूर्ण क्षमतामा संचालन हुन नसक्नाका कारण समग्र औद्योगिक उत्पादन घट्ने देखिएको छ ।

## ८.४ सेवा क्षेत्र

कोभिड-१९ को संक्रमणका कारण समग्र सेवा क्षेत्रको आम्दानी घट्ने देखिएको छ ।

## ८.५ पूर्वाधार क्षेत्र

पूर्वाधार क्षेत्रमा मजदुर अभाव भई समग्र निर्माणजन्य कार्य बन्द रहेकोले पूर्वाधार सम्पन्न हुने समय र लागत बढ्ने देखिएको छ ।

## ८.६ बाह्य क्षेत्र

संक्रमण रोकथामका लागि अन्तर्राष्ट्रिय आवागमनमा गरिएको कडाई तथा आर्थिक गतिविधिमा आउने शिथिलताका कारण अन्तर्राष्ट्रिय व्यापार समेत प्रभावित हुने देखिन्छ । वैदेशिक रोजगारीमा गएका कामदार फर्कने तथा नयाँ कामदार जाने क्रम केही समयलाई रोकिने भएकोले त्यसको प्रभाव विप्रेषण आप्रवाहमा पर्ने अनुमान छ ।

***